दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
प्रदेश नं. १, नेपाल

**मेसिन औजार( कम्प्युटर,ल्यापटप,प्रिन्टर र यु.पि.एस) खरिद गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६।०७।०६

यस कार्यालयको आ.ब. ०७६।०७७ को लागि मेसिन औजार( कम्प्युटर,ल्यापटप,प्रिन्टर र यु.पि.एस) )का सामग्रीहरु खरिद गर्ने कार्य निम्न शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्रमा शिलबन्दी बोलपत्रको माध्यमबाट कम्पनी, अधिकृत बिकेता तथा बिकी गर्न अनुमति प्राप्त आपूर्तिकर्ताबाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

१.तपसिलमा उल्लिखित फारम दस्तुर (फिर्ता नहुने गरी)नगद बुझाई नगदी रसीद साथ कम्पनीले व्यवसाय नवीकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०७४/०७५को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्नराखी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी,सुनसरीबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं (मिति २०७६।०७।२० गतेका दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र सम्बन्धी कागजात १६ औं. (मिति २०७६।७।२१ गतेका दिन दिउसोको १२.०० बजे सम्म दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दुहवी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, दुहवीमा मात्र दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरू सोही दिन दिउसोको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धी कागजातमा भर्नुपर्ने सम्पूर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।

२.खरिद गरिएको बोलपत्रदाताले हाल सम्म आपूर्ति गरेको मेसिनरी औजार(कम्प्युटर) विवरण, देखिने कागजातहरू, कालो सूचीमा नपरेको स्वयंम घोषणा पत्र संलग्न गर्नु पर्नेछ ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालयखुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी बोलपत्र साथ दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा एन.आई.सी एसिया, दुहबी शाखामा रहेका धरौटी खाता नं. A8CA499378524003 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम जम्मा गर्न पठाउने कार्यालय : दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी, सुनसरी, कार्यालयको कोड नं. ८०१०११४०४ मा नगद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा

डिक बहादुर कटवाल
अधिकृत (छैटौं)

जारी गरेको बिड बण्ड बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुनेगरि कम्तिमा १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । केरमेट भएकोठाउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

७. बोलपत्र स्वीकृत गर्ने, नगर्ने न.पा.मा निहित रहने छ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

९.यो सूचना/टेण्डर सम्बन्धी कागजात **document** दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको **website: www.duhabibhaluwamun.gov.np**मासमेत राखिएकोछ। साथै फारम दस्तुरवापत रू.१०००।लाग्नेछ ।

धरौटी रकम कुल रकमको ५ प्रतिशतले हुन आउने रकमको बैक भैचर पेश गर्नु पर्ने छ ।

तपसिल

| सि.न. | विवरण | Specification | थान | कैफियत |
|---|---|---|---|---|
| १. | कम्प्युटर | Processor: core i5($8^{th}$ gen)/ 1.8 or higher<br>Memrory: 4 GB RAM(DDR3)<br>Storage: 1 TB HDD<br>Monitor:19"LED Monitor<br>Os:Windows 10 (64 bit) Genuine | १३ | |
| २ | ल्यापटप | Processor: core i7($8^{th}$ gen) 1.8 or higher<br>Memrory:8GB RAM(DDR3)<br>Storage: 1 TB HDD<br>Graphics: HD 520<br>Monitor: 15.6"<br>Os:Windows 10(64 bit) Genuine | २ | |
| ३ | प्रिन्टर | laser Printer | १२ | |
| ४ | थ्रीइन वान प्रिन्टर | 3 in 1 laser Printer | ४ | |
| ५ | यु.पि.एस | Capacity: 650 VA<br>Frequecy : 50 Hz/60Hz(Auto-sensing)<br>Voltage Range: 140-300 VAC±5% | १३ | |
| ६ | प्रिन्टर | dot matrix printer | १ | |
| | | कूल जम्मा | ४५ | |

डिक बहादुर कटवाल
अधिकृत (छैठौं)